# स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बाल सहभागीता सम्बन्धि मार्गदर्शन

NARMIN

गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

कमलादी, काठमाडौं

फोन नं. ०१ ४२२९८४१, पोस्ट बक्स नं. १२९५१

ईमेल : info@narmin.org.np

वेभसाईट : www.narmin.org.np

## मार्गदर्शनको औचित्य र प्रयोग

नेपालको संविधान २०७२ को धारा ३९ ले सुनिश्चत गरेको बालअधिकारको सवाललाई सम्बोधन गर्दै बाल सहभागिताको प्रत्याभूत हुनेगरी गाउ/नगरपालिकाहरुले वार्षिक योजना र बजेट तर्जुमा गर्न सहजीकरण गर्ने उद्देश्यले यो मार्गदर्शन तयार पारिएको हो। देशका सवै स्थानीय तहहरुले कानुन वमोजिम आर्थिक वर्षको वजेट तथा कार्यक्रम असार १० गतेभित्र आफ्नो विधायिकी सभा समक्ष पेश गर्नुपर्ने हुन्छ। यसप्रकार कानुनी हदम्याद पूरा गर्ने समेत प्रयोजनका लागि गाउँ/नगरपालिका हरुको योजना तर्जुमा प्रक्रिया चलिरहेको छ।

संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि १९८९ को अनुमोदन पश्चात यस अवधारणालाई सम्बोधन गर्दै नेपालमा पनि बालअधिकार सम्बन्धी संवैधानिक र कानुनी व्यवस्थाहरू गरिएका छन्। तत्कालीन परिवेशमा नेपालका स्थानीय निकायहरुको योजना तथा कार्यक्रम तर्जुमा गर्नका लागि समावेशी र सहभागितामुलक पद्धति अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्था गरिएको थियो। यही नीतिगत व्यवस्था अनुसार बालभेला हुने र बालभेला मार्फत बालबालिकाका योजना तर्जुमा गर्ने गरिएको थियो। राज्यको पुर्नसंरचना पश्चात पनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तह गाउँपालिका तथा नगरपालिकाले बजेट तर्जुमा गर्दा बालबालिकाका क्षेत्रमा बजेट विनियोजन गर्नुपर्ने र यसमा सहभागितामुलक पद्धति अपनाउनु पर्ने, सरोकारवालाको सहभागिता सुनिश्चित गर्नुपर्ने जस्ता व्यवस्था राखिएको छ। यसैगरी बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यन्वयन कार्यविधि, २०६८ ले पनि बालभेला आयोजना गर्दा अपनाउनु पर्ने विधि र योजना तर्जुमाका समयसीमा स्पष्ट पारेको छ।

## बाल विकास र संरक्षणको सान्दर्भिकता

२०६८ सालको जनगणना अनुसार १४ वर्ष मुनिका बालबालिकाको जनसंख्या ३२.३५ प्रतिशत रहेको छ। नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण (सन् २०१६) अनुसार पाँच वर्षमुनिको बाल मृत्युदर (प्रति हजारमा) ३९, शिशु मृत्युदर (प्रति हजारमा) ३२ र नवजात शिशु मृत्युदर (प्रति हजारमा) २१ रहेको छ। पाँच वर्षमुनिका उमेर अनुसार पुड्कोपना भएका बालबालिका ३६ प्रतिशत, उमेर अनुसार तौल नपुगेका बालबालिका २७ प्रतिशत रहेको देखिएको छ। केन्द्रीय तथ्याङ्क विभागबाट सम्पादन गरिएको नेपाल बहुसूचक क्लस्टर सर्वेक्षण, २०७१ (सन् २०१४) अनुसार ५ देखि १७ वर्ष उमेर समूहका ३७.४ प्रतिशत बालबालिका बालश्रममा संलग्न रहेको पाइएको छ। सडक बालबालिका उद्दार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ जारी गरेको र २०७५ साल असार मसान्त सम्ममा जम्मा ८७३ जना बालबालिकाको उद्धार तथा व्यवस्थापन गरिएको छ। केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ, सन् २०१४, भाग २ (सामाजिक जनसांख्यिकी) अनुसार १० देखि १८ वर्ष उमेर समुहका बालबालिका मध्ये २६.३ प्रतिशतको विवाह भएको देखिएको छ।

आर्थिक वर्ष (२०७४/०७५) मा २,३३० जना बालबालिका हराएको र सोमध्ये १,०१७ जना बालबालिका फेला परेको, हालसम्म १२ जिल्लामा बाल हेल्पलाइन सञ्चालनमा रहेका त्यसबाट ३,३८५ जना बालबालिकालाई सहयोग प्रदान गरिएको छ।

नेपाल प्रहरीमा जबरजस्ती करणीबाट पीडित १८ वर्ष मुनिका ९९५ जना बालबालिकाको उजुरी भएको थियो । २०७५ श्रावणसम्म विभिन्न २७ जिल्लाका कारागारहरुमा ६५ जना बालबालिका बाबु अभिभावकसंग आश्रित रहेको पाइएको छ । केन्द्रीय तथ्याङ्क विभागको बहुसुचक क्लस्टर सर्वेक्षण (सन् २०१४) ले जन्मदर्ता दर ५८.१ प्रतिशत  पुगेको देखिएको छ । प्रारम्भिक बाल विकास केन्द्रको संख्या बढ्दै गएको भएपनि भर्ना भएका बालबालिकाको संख्या भने कम हुँदै आएको, प्राथमिक तहमा खुद भर्नादर ९७.२, निम्न माध्यमिक तहमा ८७.४ प्रतिशत र माध्यमिक (कक्षा ९ र १०) तहमा ६५.९ रहेको छ । कूल विद्यालय संख्या आ.व. २०७४/०७५ मा ३५,६०१ (सामुदायिक २९,०३५ र संस्थागत ६,५६६) मा कुल विद्यार्थीको संख्या गत वर्षभन्दा ५४,५७४ जना कम भर्ना भएको पाइएको छ ।

विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिका आधारभुत तहमा ६३,९४९ र माध्यमिक तह (९-१२ कक्षा) मा ११,७४६ जना भर्ना भएको देखिएको छ । ४६ वटा जिल्लाहरुमा ५३३ बालगृह सञ्चालनमा रहेका र यी बालगृहमा १४,८६४ (बालक ७,१९४ र बालिका ७,६७)) जना बालबालिका संरक्षणमा रहेका छन् । यसबाहेक आवधिक गृह १५ वटा, बाल हेल्पलाइन १२ वटा, बालसुधार गृह ८ वटा र सहिद प्रतिष्ठान ५ वटा सञ्चालनमा रहेका छन् । आठवटा बालसुधार गृहमा ३८२ बालबालिका संरक्षणमा रहेका छन् । सम्मानित र अर्थपुर्ण सहभागिताका लागि हालसम्म ७७ वटै जिल्लामा करीब २३५०० बालक्लबहरु सञ्चालनमा रहेका र यी बालक्लवहरुमा लगभग ४,३५,००० बालबालिका सक्रिय रुपमा आवद्ध रहेको देखिन्छ ।

त्यसैगरी कोरोना भाइरसको महामारीले विश्व नै आक्रान्त भएको बेला नेपाल अछुतो रहन सकेको छैन । बन्दाबन्दी (लकडाउनले) भाइरस नियन्त्रणमा सघाउ पुगेपनि अन्य क्षेत्रमा भने यसको नकारात्मक प्रभाव परेको छ । बन्दाबन्दीमा घरमै बसिरहदा बालबालिकामा मानसिक त्रास, बालबालिकाका कुरा नसुन्ने, मानसिक बिचलन, आत्महत्या, घरायसी कामको चाप र पारिवारिक आर्थिक श्रोतको कमीले गर्दा बालश्रममा संलग्न हुनुपर्ने अवस्था, शारीरिक तथा यौनजन्य दुर्व्यवहारका घटनामा समेत बृद्धि भएको देखिन्छ । अर्कोतर्फ बन्दाबन्दीको कारणले बालअधिकार कार्यान्वयनको सिलसिलामा जटिलता आएको र यो वर्षको बजेट तर्जुमामा बालबालिकाले बालक्लब तथा सञ्जालहरूको बैठक गर्न, बालभेला सञ्चालन गर्न र समस्या तथा कार्यक्रम राख्न समेत नसक्दा बालबालिकाका मुद्दाहरु ओझेल पर्ने सम्भावना देखिएको छ ।

## *स्थानीय तहको योजना तर्जुमामा वालसहभागिता सम्वन्धी कानुनी प्रावधानहरु*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ उपदफा ५ मा नगरपालिका तथा गाउँपालिकाले योजना तर्जूमा र कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, युवा, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गराउनुपर्ने भनी स्पष्ट उल्लेख गरिएको छ ।

सोही ऐनको दफा १२ उपदफा २ (क १) मा सहभागितामूलक योजना तर्जूमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जूमा प्रक्रिया अवलम्वन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण र छनौट गर्ने भनी उल्लेख भएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को वडा समितिको काम, कर्तव्य र अधिकारको विकास कार्य अन्तर्गत ‘वडालाई बालमैत्री बनाउने’ जिम्मेवारी तथा बाल उद्यानको व्यवस्था गर्ने, अनौपचारिक शिक्षा कार्यक्रम, शिशू स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने, सामूदायिक सिकाई केन्द्र, बालक्लव तथा बाल सञ्जालको व्यवस्थापन गर्ने, वडामा खेलकूद पूर्वाधार विकास गर्ने, बालविवाह, बहुविवाह, कमलरी प्रथा, बालश्रम जस्ता सामाजिक कुरितीको अन्त्य गराउने, सडक बालबालिकाको उद्दार तथा पुर्नस्थापनाका लागि लागत संकलन गर्ने कार्य समेत वडा समितिलाई तोकिएको छ ।

## *योजना तर्जुमामा ध्यान दिनुपर्ने विषयवस्तुहरु*

बालबालिकासँग सम्बन्धित समस्या तथा सवालहरूको पहिचान र यसको समाधानको लागि योजना तर्जूमा गर्न उनीहरूको सहभागिता नितान्त जरुरी छ । अझ बालबालिकाको सहभागिताले मात्र बालअधिकारमा आधारित योजना तर्जुमा हुन सक्दैन । जानी नजानी वा थाहा नपाएर समाजका विभिन्न समूहले बालबालिकाका अधिकार हनन गरिरहेका हुन्छन् । कतिपय अवस्थामा अभिभावक, शिक्षक, सामाजिक कार्यकर्ता, सामाजिक संघसंस्थाका कर्मचारी लगायत अन्य वयस्कले थाहा नपाएर (वा कतिपयले जानीजानी पनि) बालबालिकाको अधिकारलाई बेवास्ता गरिरहेका हुन्छन् । बालवालिका केन्द्रित योजना तर्जुमाको लागि सवै समूह र तप्काको सहभागिता महत्वपूर्ण हुन्छ । तसर्थ यस सन्दर्भमा स्थानीय तहहरुले योजना तर्जुमा गर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्दछ :

- बालबालिकाका वास्तविक सवालहरूको पहिचान गर्नु पर्दछ ।
- माथि उल्लेखित सान्दर्भिकता र सवालहरूको सही विश्लेषण हुनुपर्दछ ।
- बालबालिकाद्धारा प्रस्ताव गरिएका योजनालाई ग्रहण गर्नु वा अपनत्व महसुस हुनुपर्दछ ।

## *कोभिड १९ को सन्दर्भमा योजना तर्जुमा गर्दा अपनाउन सकिने उपायहरु*

काभिड १९ को संकटका दौरान वालक्लव पदाधिकारी, शिक्षक, बालबालिकाका सवालमा काम गर्ने सामाजिक संस्थाहरु, सामाजिक विकास समित पदाधिकारी लगायत अन्य सरोकारवालाहरु सँग निम्नानुसार उपायद्धारा छलफल र परामर्श गर्न सकिने छ :

- फोन सम्पर्क मार्फत एक एक गरेर सुझाव प्राप्त गर्न सकिने
- सामाजिक संञ्जाल (फेसबुक, टुईटर जस्ता) मार्फत योजना प्रसताव गर्न सार्वजनिक रुपमा आब्हान गर्न सकिने र सोही सञ्जाल मार्फत योजना र कार्यक्रम संकलन गर्न सकिने
- सामाजिक दुरि कायम गरेर भौतिक उपस्थिति मै छलफल गरी प्रस्ताव प्राप्त गर्न सकिने
- अनलाईन विधिको प्रयोग गरेर छलफल वैठकहरु आयोजना गर्न सकिने
- यदि विभिन्न तरिकाले परामर्श गर्न नसकिएमा बिगतमा तय गरेका तर कार्यान्वयन हुन नसकेका योजनाहरुलाई नै प्राथमिकतामा राखेर बजेटमा निरन्तरता दिन सकिने

- विषय बिज्ञहरुसंग कोभिड १९ बाट वालवालिकाहरु माथि परेको असर तथा तिनलाई कम गर्ने व्यवहारीक कृयाकलाप के हुन सक्छन् भनी छलफल गर्न सकिने
- दिर्घकालिन भन्दा अल्पकालिन रुपमै परिणाम दिने प्रकारका शिक्षा, स्वास्थ्य, तथा मनोरञ्जन सम्बन्धी योजनाहरु छनौट गर्ने
- बैकल्पिक शिक्षा पद्धती वाट बञ्चित भईरहेका वालवालिका केन्द्रीत योजनाहरुको खोजी गर्ने

## *बालबालिका केन्द्रित योजना तर्जुमाका लागि तयारी*

स्थानीय तहको योजना तर्जुमा तथा बजेट दिग्दर्शन, २०७४ ले निर्दिष्ट गरेका वार्षिक बजेट तथा कार्यक्रम तर्जूमा प्रक्रियाका चरणहरुमा वडास्तरीय आयोजना/कार्यक्रमहरूको प्राथमिकीकरण गर्ने क्रममा नै वालवालिकाहरुका कार्यक्रम समेट्दा प्रभावकारी हुनसक्छ

बालभेला संञ्चालनको जिम्मेबारी तोक्दा बालअधिकार समिति वा बालअधिकार समति गठन नभएको भए पालिकाको महिला तथा बालबालिका शाखालाई जिम्मेवारी तोक्न सकिने छ । त्यसैगरि बालभेला संञ्चालनका लागि सम्वन्धित पालिकामा बालअधिकारका क्षेत्रमा काम गरिरहेका सामाजिक संस्थाको सहयोग समेत लिन सकिन्छ । बाल भेला संञ्चालन गर्दा सहभागीका लागि आचारसंहिता निर्माण, समूह विभाजन, शरीर नक्सांकन, जोखिम नक्सांकन, सवाल र समस्या पहिचान, योजना छनोट र प्राथमिकीकरण गर्दा प्रभावकारी हुन जान्छ

- योजना तर्जुमा कार्यदललाई बालअधिकार सम्बन्धी कार्यक्रमहरुको अवधारणा जानकारी गराउने ।
- बालक्लवका प्रतिनिधिहरुलाई योजना सम्वन्धी छलफलमा आमन्त्रण गर्ने ।
- छलफल कार्यक्रममा समस्या तथा सवालहरूको विश्लेषण गर्ने ।
- समस्या तथा सवालको समाधानको लागि योजना तर्जुमा गर्ने ।
- योजना तर्जुमामा बालबालिकासँग सरोकार राख्ने निकाय तथा ब्यक्तिसँग समेत सुझाव लिन सकिने ।
- बाल भेलाबाट तय गरिएका योजनाहरु बालअधिकार समिति, बालक्लव सञ्जाल वा बालक्लवहरु मार्फत बालबालिका केन्द्रित योजनाहरु वडा समितिमा पेश गर्ने ।

यसक्रममा योजना तर्जुमा कार्यदलका सदस्यहरु उपरोक्त योजनाहरु किन आवश्यक पर्ने, योजना कार्यान्वयन भएमा बालबालिकाको अवस्थामा कस्तो परिवर्तन हुने जस्ता सवालहरुमा स्पष्ट हुनु पर्दछ । बालअधिकारको संरक्षण गर्नका लागि कार्यक्रम तथा बजेट प्रस्ताव तयार भएपनि यसलाई नगर/गाउँपालिकाको मूल योजनामा समाहित गराउन थप पहल र प्रयत्न गर्नुपर्दछ । यदि नगर/गाउँपालिकाले बालबालिकाको लागि छुट्टै रकम विनियोजन गरेमा बालबालिका सम्बन्धी योजनालाई नै केन्द्रित गरी कार्यान्वयन गर्न सकिन्छ ।

## *बाल संरक्षण तथा वाल वचाउका सवालहरू*

वाल संरक्षण तथा बाल बचाउका विषयहरु अन्य हुने भएता पनि पालिकाहरुले तत्कालै ध्यान दिनुपर्ने विषयहरु उल्लेख गरिएको छ । क्षेत्र, समय र सन्दर्भअनुसार यि बिषयहरु फरक र अन्य पनि हुन सक्छन् ।

| | |
|---|---|
| (१) बालविवाह तथा गर्भपतन | (१२) परम्परागत हानीकारक अभ्यासहरू |
| (२) बालश्रम | (१३) सडकमा बस्ने बालबालिका |
| (३) बालयौन दुर्व्यवहार | (१४) सडक दुर्घटनामा वालवालिका |
| (४) कुपोषण तथा खोप | (१५) शारीरिक मानसिक सजाय |
| (५) अपाङ्गता (शारीरिक र मानसिक) | (१६) शिक्षाबाट वञ्चित वालवालिका |
| (६) विद्यालय ड्रप आउट | (१७) जोखिमपूर्ण विद्यालय यात्रा |
| (७) बालगृहमा सिफारिश (अभिभावक हुँदाहुँदै) | (१८) जादू, सर्कसमा बालबालिकाको प्रयोग |
| (८) लागुपद्धार्थ दुर्व्यसनी | (१९) बालहिंसा |
| (९) जन्मदर्ता/पहिचान | (२०) जंक फुडको प्रयोग |
| (१०) इन्टरनेटको दुरुप्रयोग | (२१) कोभिड १९ संक्रमित वालवालिका तथा क्वारेन्टीनमा बस्दाका उनीहरुको सुरक्षा, तथा आत्मसम्मान सम्वन्धी विषयहरु |
| (११) मानसिक समस्या र आत्महत्या | (२२) बैकल्पिक शिक्षा पद्दती वाट बञ्चित वालवालिका आदि |

## *वार्षिक कार्यक्रम तथा बजेटको सन्दर्भमा बालबालिका केन्द्रित क्रियाकलापहरू*

### *नीतिगत क्रियाकलापहरू*

- बाल अधिकार कार्यन्वयन कार्यविधि निर्माण
- बाल सहभागिता निर्देशिका निर्माण
- बाल कोष संञ्चालन कार्यबिधि निर्माण
- ब्यवसाय दर्ता र नविकरणमा बालश्रम प्रयोग नगर्ने प्रतिबद्धता अनिवार्य गर्ने नीतिगत निर्णय
- पालिकाले कुनैपनि सम्झौता गर्दा बालश्रम प्रयोग गर्न नपाईने भनी अनिबार्य सर्त समावेश गर्ने
- वाल विवाह गर्ने गराउनेहरुका लागि पालिका तहका सेवा सुविधा प्रदानमा रोक लगाउने नीतिगत ब्यवस्था

## कार्यक्रमीक क्रियाकलापहरु

- बाल संरक्षण सम्बन्धी सुचना तथा तथ्याङ्क संकलन र प्रकाशन
- बालक्लव तथा बालक्लब संञ्जाल गठन, दर्ता तथा परिचालन
- बाल अधिकार समितिको गठन (बालबालिका सम्वन्धी ऐन, को दफा ६० अनुरुप)
- बालवालिका क्षेत्र हेर्नका लागि कर्मचारी तथा कार्यविवरण (बालबालिका ऐन, २०७५ दफा ६१)
- बालकोष स्थापना र सञ्चालन
- जन्मदर्ता सम्वन्धी सचेतना अभियान तथा ३५ दिन भित्र जन्मदर्ता गराउनेलाई प्रोत्साहन
- नियमित मनोपरामर्श सेवा प्रदान (प्रत्यक्ष भेटघाट, टेलिफोन, रेडियो, सामाजिक सञ्जाल मार्फत)
- बालविवाह रोकथाम तथा न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सङ्कलन
- बालबालिकाहरुको अभिलेख ब्यवस्थापन, अद्यावधिक तथा बार्षिक रुपमा स्थितिपत्र प्रकाशन
- उद्धार तथा संरक्षण गरिएकाहरुलाई मनोसामाजिक परामर्श, पुर्नस्थापना तथा टेवामूलक कार्यक्रम
- बालविवाह विरुद्धमा प्रचारप्रसार (रेडियो, टिभि, पत्रपत्रिका)
- बालविवाह रोकथाम र निषेधका लागि धामी-झाक्री, पुरोहित, लामा, पादरीहरुको परिचालन
- निकृष्ट प्रकारको बालश्रममा रहेका बालबालिकाको विवरण संकलन, अद्यावधिक तथा प्रचार
- बालश्रममुक्त टोल तथा वडा घोषणा
- स्थानीय स्तरमा बालगृह, शिशु स्याहार केन्द्र र बालविकास केन्द्र स्थापना
- अपाङ्गता भएका एवं विषेश संरक्षण चाहिएका बालबालिकाको पहिचान, उद्धार तथा पुर्नस्थापना
- हिंसा र दुर्व्यवहार न्यूनीकरणका लागि परिवार, विद्यालय तथा समुदायमा सचेतना अभियान
- शिशु स्याहार केन्द्रको स्थापना तथा सञ्चालन
- दुर्व्यसनबाट पिडित बालबालिकाको उपचार परामर्श तथा पुर्नस्थापना कार्यक्रम
- बाल हेल्पलाइन र बालबालिका खोजतलास केन्द्र संचालन सहयोग
- साइबर क्राइम तथा आधुनिक प्रविधिको दूरुपयोग सम्बन्धी सचेतना अभियान
- अपा॰ बालबालिकाहरुका लागि विशेष शिक्षा, तालिम, सामग्री वितरण, छात्रवृति कार्यक्रम
- बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था र निकायहरु सूचीकृत गर्ने तथा आवश्यक समन्वय सहकार्य गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने
- बाल अधिकार हननका घटना अनुगमन तथा कार्वाहिका लागि सिफारिस
- बैकल्पिक शिक्षा प्रवर्धनका लागि ईन्टरनेट पहुँच विस्तार तथा एफ एम रेडीयो  वितरण तथा अनुगमनको ब्यवस्था
- कोभिड १९ सम्बन्धी बालचेतना जगाउने खलका सामग्रीहरुको उत्पादन तथा वितरण
- वाल मनोसामाजिक विमर्षकर्ताहरुको उत्पादन तथा परिचालन

National Association of Rural Municipality in Nepal

गाउंपालिका राष्ट्रिय महासंघ नेपाल

NARMIN

…………………… Strengthening Local Self-governance in Nepal …………………

*यो मार्गदर्शन वर्ल्ड भिजन ईन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा तयार गरिएको हो ।